# खत्याड गांउपालिकाको आर्थिक ऐन
# आ.व.२०७६/०७७

स्वीकृत मिति : २०७६/०३/१२

**प्रस्तावना:**

खत्याड गांउपालिकाको आर्थिक वर्ष २०७६/०७७ को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयनको निमित्त स्थानीय कर, शुल्क, दस्तुर र जरीवाना संकलन गर्न, छुट दिन तथा अन्य आय संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनीय भएकोले नेपालको संविधानको धारा २३० बमोजिम खत्याड गांउपालिकाको गांउ सभाले यो ऐन बनाएको छ ।

१)संक्षिप्त नाम र प्रारम्भ : (क) यस ऐनको नाम खत्याड गांउपालिकाका आर्थिक ऐन, २०७६" रहेको छ ।
(ख) यो ऐन २०७६ साल श्रावण १ गतेदेखि खत्याड गांउपालिका क्षेत्रभित्र लागू हुनेछ ।

२) घरजग्गा कर (संम्पति कर) : खत्याड गांउपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम घरजग्गा कर लगाई असुल उपर गरिनेछ ।

३) भुमिकर (मालपोत) : खत्याड गांउपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भुमिकर (मालपोत) लगाइ असुल उपर गरिनेछ ।

४) बहाल कर : खत्याड गांउपालिकाक्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा,पोखरी पुरै वा आशिंक तबरले साथै अन्य कुनै आम्दानी हुने गरी बहालमा दिएकोमा अनुसूची (३) बमोजिम बहाल कर लगाइ असुल उपर गरिनेछ । )

५) व्यवसाय कर : खत्याड गांउपालिका क्षेत्रभित्र दर्ता वा इजाजत प्राप्त गरी स्थापित उद्योग, व्यापार, व्यवसाय, सेवा र यस्तै प्रकारका जुनसुकै कारोबार गर्ने व्यक्ति वा निकायलाई व्यवसायको प्रकृति, वित्तिय तथा आर्थिक कारोवार, स्थान बिषेश र लगानीका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइ असुल उपर गरिनेछ । खत्याड गाउपालिकामा व्यापार व्यवयाय गर्ने व्यक्ति, फर्म, कम्पनीले अनिवार्य रुपमा गाउँपालिकामा अनिवार्य रुपमा दर्ता गर्नु पर्नेछ ।
।

६) जडीबुटी, कवाडी र जीबजन्तु कर : खत्याड गांउपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, कवाडी माल र अन्य मृत वा मारिएका जीबजन्तुको हाड, सिङ., प्वाखँ, छाला जस्ता बस्तुको व्यवसायिक कारोबार गरेबापत अनुसूची (५) बमोजिमको कर लगाइ असुल उपर गरिनेछ । तर प्रचलित कानूनले निषेध गरिएकाको हकमा भने उल्लिखित ब्यबस्था लागू हुने छैन ।

७) सवारी साधन कर : सवारी साधन कर अनुसूची (६) बमोजिम लगाइ असुल उपर गरिनेछ ।

८) विज्ञापन कर : खत्याड गांउपालिका क्षेत्रभित्र हुने सवै किसिमका विज्ञापनमा अनुसूची (७) बमोजिमको विज्ञापन कर लगाई असुल उपर गरिनेछ ।

खत्याड गाउँपालिका

९) मनोरञ्जन कर : खत्याड गांउपालिकाक्षेत्रभित्र हुने र शुल्क लिई सञ्चालन गरिने जुनसुकै प्रकारको मनोरञ्जन व्यवसायमा अनुसूची (८) बमोजिमको मनोरञ्जन कर लगाइ असुल उपर गरिनेछ । )

१०) बहाल बिटौरी शुल्क : खत्याड गांउपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख, वा सञ्चालन गरेका वा सार्बजनिक ऐलानी पर्ति जग्गा वा भबनमा हाटबजार वा पसल वा सडक वा बाटो किनार वा विशेष मेला पर्वमा अनुसूची (९) मा भएको व्यवस्था अनुसार बहाल विटौरी शुल्क लगाइ असुल उपर गरिनेछ ।

११) सेवा शुल्क दस्तुर : खत्याड गांउपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची (१०) मा उल्लिखित स्थानीय पुर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए बमोजिम शुल्कलगाई असुल उपर गरिनेछ ।

१२) घरजग्गा रजिष्ट्रेशन शुल्कः खत्याड गांउपालिका क्षेत्रभित्रका घर जग्गा रजिष्ट्रेशन गर्दा अनुसूची (१०) मा उल्लेख भए बमोजिम रजिष्ट्रेशन शुल्क लगाइ असुल उपर गरिनेछ ।

१४) कर तथा शुल्क संकलन कार्यविधि : यस ऐनमा भएको व्यवस्था यसै बमोजिम र अन्यका हकमा यस ऐनसँग नबाझिने गरी खत्याड गांउपालिकाले तोके बमोजिम हुनेछ ।

१५) अन्य व्यवस्था : खत्याड गांउपालिका विषयगत शाखा, वडा तथा अन्य कार्यालयहरुबाट सेवा प्रवाह गर्दा सेवाग्राहीले बुझाउनुपर्ने कर, शुल्क, दस्तुर तथा जरीवानालाई सेवासँग आबद्ध गरी अनिबार्य असुल उपर गरी सेवा प्रवाह गर्नु पर्नेछ ।

१६) वन पैदावार शुल्क : सामुदायिक वन उपभोक्ता समूहले प्रचलित कानून बमोजिम कार्ययोजना बनाई निकालिएको काठ उपभोक्ता समूहबाहिर व्यापारिक प्रयोजनका लागि बिक्री गरेमा त्यसरी बिक्री गरी प्राप्त भएको रकममध्ये ४० प्रतिशत र सामुदायिक वन भित्रको आन्तरिक आम्दानीको ३० प्रतिशत रकम आर्थिक वर्ष २०७६/०७७ मा वन पैदावार शुल्क बापत खत्याड गाँउपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

१७) नियम वा कार्यविधि बनाउन सक्नेः खत्याड गांउकार्यपालिकाले यस ऐनमा भएका व्यवस्थाहरुलाई कार्यान्वयन गर्नका लागि आवश्यक नियम वा कार्यविधि बनाउन सक्नेछ ।

१८) कर छुट : यस ऐन वमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

## अनुसूची (१)
## दफा (२) संग सम्बन्धीत
## घर जग्गाको मुल्याङ्कन दर

आ.व. २०७६/०७७ को लागि घरजग्गा कर निर्धारण गर्दा न्यायोचित, एवं तथ्यपरक रुपमा गरिनेछ । जग्गा तथा घरको मूल्यांकन दरलाईस्थान र वनौटका आधारमा पुनरावलोकन गरि कार्यान्वयनमा ल्याईनेछ ।

खत्याड गाउँपालिका

| विवरण | दर प्रति वर्ग मिटर रु. | अनुमानित क्षेत्रफल व.मि. | अनुमानित आय दर |
|---|---|---|---|
| जग्गा | १ | २०००० | २०००० |
| घर | २५ | १००० | २५००० |

अनुसूची (२) )
दफा (३) संग सम्बन्धीत
मालपोतको दररेट

| जग्गाको वर्ग | दर प्रति वर्ग मिटर रु. | जरिवाना | अनुमानित क्षेत्रफल व.मि. | अनुमानित आय दर |
|---|---|---|---|---|
| अव्वल | ०.०६ | वार्षिक १०प्रतिशत | १०००० | ६०० |
| दोयम | ०.०५ | वार्षिक १० प्रतिशत | १५००००० | ७५००० |
| सिम | ०.०४ | वार्षिक १० प्रतिशत | २०००००० | ८०००० |
| चाहार | ०.०३ | वार्षिक १० प्रतिशत | ७५००००० | २२५००० |

ख्याउँगापालिका

# अनुसूची (३)
# दफा (४) संग सम्बन्धीत
# बहाल करको दररेट

खत्याड गांउपालिकाक्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, जग्गा वा पोखरी वा अन्य सम्पत्ति पुरै वा आशिंक तबरले बहाल दिएकोमा बहाल अंकको १० प्रतिशतका दरले बहाल कर संकलन गरीनेछ । संगठित संघसंस्था, कम्पनी, कार्यालय वा यस्तै प्रकृतिका अन्यले बहालमा बसे वापत बहाल रकम बुझाउंदा श्रोतमै अग्रिम बहाल कर कट्टि गरी दाखिला गर्नुपर्नेछ ।

बहाल कर निर्धारण प्रकिया :

१) बहालमा दिएको मितिलाई आधार मानी दैनिक, मासिक, त्रैमासिक, अर्ध वार्षिक वा वार्षिक अवधिलाई आधार लिई बहाल कर बुझाउनु पर्नेछ ।

२) खत्याड गांउपालिकाले निर्धारण गरेको कार्यविधि अनुसार करदाताले स्वंय घोषणा गरेको वा संम्झौतपत्रमा उल्लेख भएको आधारमा बहाल कर निर्धारण गरिनेछ ।

| अनुमानित घर वहाल | दर प्रति घर रु. | कर योग्य कुल मुल्य | वहाल कर | अनुमानित आय रु. |
|---|---|---|---|---|
| २०० | १००० | २००००० | १० प्रतिशत | २०००० |

खत्याड गाउँपालिका

# अनुसूची (४)
## दफा (५) संग सम्बन्धीत
### व्यवसाय करको दररेट

| कर आय | | विवरण | पुजिका आधारमा रु. | | | अनुमानित आय रु. पुजिका आधारमा | | | कुल अनुमानित आय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ लाख सम्म | १ देखि ५ लाख | ५ देखि माथि | १ लाख सम्म | १ देखि ५ लाख | ५ देखि माथि | |
| व्यापारिक वस्तु कर | | | | | | | | | |
| | | सिडी., डिभिडी, भिडियो क्यासेट क्यासेट रिकर्डर, रेडियो, डेक, फोन, घडी विक्रि तथा मर्मत | ५०० | ७५० | १००० | ३००० | १५०० | | ४५०० |
| | | मोबाइल एसेसरिज बिक्रि पसल | ५०० | ७५० | १००० | ३००० | १५०० | ३००० | ७५०० |
| | | पुस्तक पसल, स्टेशनरी | ५०० | ७५० | १००० | १०००० | ३००० | ५००० | १८००० |
| | | कम्प्युटर, फोटोकपी, तथा अन्य इलेक्ट्रोनिक्स सामान विक्री | ५०० | ७५० | १००० | २००० | ३००० | ५००० | १०००० |
| | | काठ चिरानी लगायत सामान्य लोकल फर्निचर | २००० | ५००० | १०००० | १०००० | १०००० | २०००० | ४०००० |
| | | सिलाई केन्द्र | ५०० | ७५० | १५०० | ३००० | ३००० | ४५०० | १०५०० |
| | | रड, सिमेन्ट, जस्ता पाता, हार्डवेयर पसल | २५०० | ५००० | १०००० | ७५०० | २५००० | ३०००० | ६२५०० |
| | | सवारी साधन पार्ट पुर्जा,टायर ट्युब पसल | २५०० | २७५० | ५००० | | | ५००० | ५००० |
| | | औषधी पसल | १५०० | २००० | २५०० | ९००० | २००० | २५०० | १३५०० |
| | | भेटेनरी औषधी पसल | १५०० | २००० | २५०० | ३००० | २००० | २५०० | ७५०० |
| | | खाद्य पदार्थ/किराना पसल | १५०० | १७५० | २००० | २०००० | ५०००० | ५०००० | १२०००० |
| | | तरकारी, फलफूल पसल | ५०० | ७५० | १००० | २००० | | | २००० |
| | | दूध, दही, घिउ, तेल बिक्रि पसल | ५०० | ७५० | १००० | २००० | | | २००० |
| | | भाडा कुडा पसल | १५०० | १७५० | २००० | ३०००० | २०००० | २००० | ५२००० |
| | | सुन चाँदि पसल | १५०० | २५०० | ५००० | ६००० | ५००० | ५००० | १६००० |
| कर आय | विशेषज्ञ तथा परामर्श सेवा | | | | | | | | |
| | | वकिल | १५०० | २५०० | ५००० | | | ५००० | ५००० |
| | | लेखा परीक्षक | १५०० | १७५० | २५०० | | | ५००० | ५००० |
| | | अनुसन्धानकर्ता तथा परामर्शदाता | १५०० | १७५० | २५०० | | | १०००० | १०००० |
| | | सर्भेयर / ईन्जिनियरिङ कन्सल्टेन्सी | | | २५०० | | | ९०००० | ९०००० |
| | | ढुवानीकर्ता कम्पनी | २५०० | २७५० | १५००० | | | १०५००० | १०५००० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कर आय | उत्पादनमुलक उद्योग | | | | | | | | | |
| | | कोरा माल वा खेर गइरहेको माल सामानको प्रयोग वा प्रशोधन गरी उत्पादन गर्ने उद्योग व्यवसायमा | ५०० | ७५० | १५०० | | ६००० | | | ६००० |
| | | खाद्यान्न मिल | | १७५० | | | | | १०००० | १०००० |
| | | कृषि वा वन पैदावारमा आधारित वा अन्य उत्पादन मूलक उद्योग | | | २५०० | | | | १०००० | १०००० |
| कर आय | पर्यटन उद्योग | | | | | | | | | |
| | | लज गेष्ट हाउस | १५०० | | | | ५०००० | | ५०००० | ५०००० |
| कर आय | सेवा व्यवसाय | | | | | | | | | |
| | | फोटो स्टुडियो | ५०० | | | | ४००० | | | ४००० |
| | | फेस हाउस | ५०० | | | | ४००० | | | ४००० |
| | | छाप तथा छापाखाना | ५०० | | | | ४००० | | | ४००० |
| कर आय | वित्तिय सेवा व्यवसाय | | | | | | | | | |
| | | आर्थिक कारोवार समेत गर्ने वित्तीय कम्पनी को कार्यालय | २५०० | ५००० | १०००० | | | | १०००० | १०००० |
| | | सहकारी संस्था | १५०० | २५०० | ५००० | | ६०००० | २०००० | ६०००० | १४०००० |
| | | बीमा कम्पनी शाखा | | | ५००० | | | | ५००० | ५००० |
| कर आय | स्वास्थ्य सेवा व्यवसाय | | | | | | | | | |
| | | सामुदायिक गैरसरकारी अस्पताल | | | २५००० | | | | २५००० | २५००० |
| | | क्लिनिक तथा ल्याब | | | १०००० | | | | १०००० | १०००० |
| कर आय | शैक्षिक सेवा | | | | | | | | | |
| | | क्याम्पस | | | १५००० | | | | १५००० | १५००० |
| | | तालिम तथा अनुसन्धान केन्द्र | | | ५००० | | | | ५००० | ५००० |
| | | कम्प्युटर तथा भाषा प्रशिक्षण संस्था | | | ५००० | | | | ५००० | ५००० |
| | | नीजिविद्यालय प्राविधिक | | | ५००० | | | | ३०००० | ३०००० |
| आय | अन्य सेवा | | | | | | | | | |
| | | साईनबोर्ड बनाउने पेन्टिङ सेवा | | १००० | | | | ३००० | | ३००० |
| | | विरुवा विक्रेता (नर्सरी) | १००० | १५०० | २००० | | | | २४००० | २४००० |
| | | निर्माण सेवा | ५००० (घ ) | १०००० ( ग ) | १५००० ख, क ) | ५०००० | | ४०००० | ४५००० | १३५००० |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| कर आय | उर्जा मुलक उद्योग | | | | | | | | | |
| | | हाइड्रो पावर | २५०० | २७५० | १५००० | | | | ६०००० | ६०००० |
| | | सोलार बिक्रि | २५०० | २७५० | १५००० | | | | ६०००० | ६०००० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | | | | | | | | १७०६५०० |

# अनुसूची (५)
## दफा (६) संग सम्बन्धीत
### जडिबुटी, कवाडी माल करको दररेट

खोटो, जडिबुटी, बनकस, कवाडी माल, जीबितजन्तु बाहेकका अन्य मृत वा मारिएका जीबजन्तुको हाड, सिङ., प्वाखँ, छाला, जस्ता बस्तुको व्यवसायिक कारोबार गरे बापत जडीबुटी, कवाडी र जीबजन्तु कर लाग्नेछ ।

क) तामाजन्य सामानका लागि प्रति किलोग्राम रु ५०, = (6qt*5000= 30000)

ख) फलामजन्य सामानका लागि प्रति किलोग्राम रु ५, = ( 10qt*500=5000)

ग) सिलपट, स्टिलजन्य सामानका लागि प्रति किलोग्राम रु १०= (20qt*1000=20000)

घ) अन्यका हकमा प्रति किलोग्राम रु १० = (250qt*1000=250000)

# अनुसूची (६)
## दफा (७) संग सम्बन्धीत
### सवारी साधन करको दररेट

खत्याड गांउपालिका भित्र ठेगाना रहने गरि दर्ता भएका वा खत्याड गांउपालिकाक्षेत्रभित्र चल्ने सवारी साधनमा वार्षिक सवारी कर निम्नानुसार हुनेछ:

क) दुई पाङ्गे मोटर साइकल, स्कुटर वा यस्तै सवारी साधनको वार्षिक रु १०००, = (15*1000= 15000)

ख) कार, जीप, भ्यान वा यस्तै चार पाङ्गे सवारी साधनको वार्षिक रु १२०००, = (10*12000= 120000)

ग) ट्याक्टर वा यस्तै सवारी साधनको वार्षिक रु १२०००= (15*12000= 180000)

घ) मिनि बस, मिनि ट्रक वा यस्तै चार पाङ्गे सवारी साधनको वार्षिक २००००= (15*20000= 300000)

ङ) हेभी गाडी, डोजर क्रेन वा यस्तै सवारी साधनको वार्षिक रु ५०००० = (5*50000= 250000)

खत्याड गाउँपालिका

अनुसूची (७)

## दफा (८) संग सम्बन्धीत

विज्ञापन करको दररेट

क) विज्ञापन कर निम्नानुसार हुने :

१) भवनमा झ्याल छोपेर परिचय पाटी वा विज्ञापन सामाग्री राख्न पाइनेछैन ।

२) बाटोको सीमानादेखि दश फिट भित्र तथा संधियारको सिमानादेखि पाँच फिट भित्र र सार्वजनिक स्थान वा संस्थान वा कार्यालय वा सार्वजनिक सेवा प्रवाह गर्ने स्थानमा विज्ञापन सामाग्री राख्न पाइनेछैन ।

३) भवन, जमिन, व्यापारिक वा व्यवसायीक केन्द्र, होटल वा रेष्टुरेण्ट वा विद्यालय वा जुनसुकै भवनको भित्री भागमा विज्ञापन गर्ने प्रयोजनका लागि राखिएका प्रचार सामाग्रीमा विज्ञापन कर छुट हुने छैन ।

ख) विज्ञापन करको दर :

१)होर्डिङ्ग बोर्ड र फ्लेक्सबाट तयार गरिएको विज्ञापन प्रचार सामग्रीको प्रति वर्ष प्रति होर्डिङ्गवोर्ड रु एक सय,(50*100= 5000)

२) खेलकुद मैदान, मेला, जात्रा, पर्व र यस्तै प्रकृतिका कार्यक्रममा हुने विज्ञापन प्रचार सामाग्रीको अधिकतम पन्ध्र दिनका लागि प्रति दिन रु एक सयका दरले (10*100= 1000)

अनुसूची (८)

## दफा (९) संग सम्बन्धित

मनोरञ्जन करको दररेट

कुनै संस्था, कम्पनि वा व्यक्तिले मेला वा मनोरन्जन प्रदायक कार्यक्रम सञ्चालन गराए बापत दैनिक ५०० वा मासिक रु पाँच हजार मनोरन्जन कर असुलउपर गरिनेछ । (20*500= 10000)

अनुसूची -९)

## दफा (१०) संग सम्बन्धित

बहाल बिटौरी करको दररेट

खत्याड गांउपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख, वा सञ्चालन गरेका सार्बजनिक ऐलानी पर्ति जग्गा वा भबन वा हाटबजार वा पसल वा सडक वा बाटो किनारमा स्थान मुल्याकन गरि रु १००० देखि रु २५०० सम्मबहाल विटौरी शुल्क लगाइ असुल उपर गरिनेछ । (30*1000= 30000)

खत्याड गाउँपालिका

# अनुसूची (१०)
## दफा ११संग सम्बन्धीत
## सेवा शुल्क दस्तुर

| क.सं | विवरण | आ.व.०७४/७५ का लागि करको दर | आ.व.०७४/७५ का लागि अनुमानित परिणाम | आ.व.०७४/७५ का लागि कुल अनुमानित आय | कैफियत |
|---|---|---|---|---|---|
| | घर जग्गा नामसारी सिफारिस | ५०० | २०० | १००००० | |
| | घर कर | ५० | ३०७८ | १५३९०० | |
| | घर कायम सिफारिस | १००० | १०० | १००००० | |
| | छात्रबृत्ति शिफारिस | ५० | १०० | ५००० | |
| | विपन्न विद्यार्थी छात्रबृत्ति शिफारिस | ० | ० | ० | |
| | अपांग सिफारिस | ० | ० | ० | |
| | अस्थायी बसोबास सिफारिस | ० | ० | ० | |
| | स्थायी बसोवास सिफारिस | १००० | ५० | ५०००० | |
| | नगारिकता सिफारिस | १०० | ३०० | ३०००० | |
| | आर्थिक अवस्था सम्बन्धी सिफारिश (बलियो) | ५००० | ५ | २५००० | |
| | आर्थिक अवस्था सम्बन्धी सिफारिश (कमजोर) | ५० | २०० | १०००० | |
| | जन्म मिति शंसोधन सिफारिस | १०० | १०० | १०००० | |
| | जग्गा मूल्यांकन सिफारिस | ५०० | १०० | ५०००० | |
| | ब्यवसायदर्ता सिफारिस | ५०० | १०० | ५०००० | |
| | ब्यवसाय सञ्चालन नभएको सिफारिस | २०० | १० | २००० | |
| | नावालक सम्वन्धी सिफारिस | ५० | २५० | १२५०० | |
| | उद्योग ठाउसारी सिफारिस | १००० | ५ | ५००० | |
| | विद्यालय ठाउंसारी सिफारिस(निजी) | ३००० | ३ | ९००० | |
| | आन्तरीक बसाई सराई सिफारिस | १००० | ५० | ५०००० | |
| | विद्यालय कक्षा बृद्धि, सिफारिस (निजी) | २००० | ३ | ६००० | |
| | पूर्व प्रँथमिक विद्यालय खोल्ने सिफारिस/अनुमति | १५००० | ५ | ७५००० | |
| | ब्यिक्तिगत विवरण सिफारिस | १०० | ५० | ५००० | |
| | जग्गा दर्ता सिफारिस | १००० | ५० | ५०००० | |
| | विद्यालय वा संकाय बृद्धि सिफारिश | ५००० | ५ | २५००० | |
| | कित्ताकाट सिफारिस (प्रति कित्ता ) | १०० | ५०० | ५०००० | |
| | सरकारको नाममा बाटो कायम सिफारिस | १०० | ५ | ५००० | |
| | नाता प्रमाणित सिफारिस (नेपाली) | १०० | ५०० | ५०००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | निःशुल्क वा सशुल्क स्वास्थ्य उपचार सिफारिस | १०० | ५० | ५००० | |
| | संस्था दर्ता सिफारिस | ३००० | २५ | ७५००० | |
| | समुह दर्ता सिफारिस | ३०० | १०० | ३०००० | |
| | घर बाटो प्रमाणित | ५०० | १० | ५००० | |
| | चार किल्ला प्रमाणित | १००० | ३० | ३०००० | |
| | जन्म मिति प्रमाणित | १०० | २०० | २०००० | |
| | विवाह प्रमाणिँत | ५०० | १०० | ५०००० | |
| | घरधुरी प्रमाणित | ५०० | १०० | ५०००० | |
| | फरक फरक जन्म मिति प्रमाणित/शिफारिस | १०० | २० | २००० | |
| | अन्य प्रमाणित | १०० | ५०० | ५०००० | |
| | अविवाहित प्रमाणित | १००० | १० | १०००० | |
| | जग्गा धनी पूर्जा हराएको शिफारिस | ५० | ५० | २५०० | |
| | मिलापत्र कागज गराउने | १००० | ५० | ५०००० | |
| | योजना माग शिफारिस | २०० | ५०० | १०००० | |
| | योजना फरफारक शिफारिस | १००० | ३०० | ३००००० | |
| | जन्म/मृत्यु/विवाह/बसाई सराई/सम्बन्ध विच्छेद दर्ता (३५ दिन भित्र निःशुल्क, त्यस पछि रु.५० ) | ५० | १०० | ५००० | |
| | प्रमाणिकरण (भेरिफिकेसन) | ५०० | २०० | १००००० | |
| | जग्गा रजिष्ट्रेशन शुल्क | कुल मुल्यको ५ प्रतिशत | | ५००००० | |
| | जम्मा | | | २२३२९०० | |

## अनुसूची (११)
### दफा १३ संग सम्बन्धीत
### माछा कर

व्यवसायीक तथा व्यक्तिगत उपयोग गर्ने प्रयोजनका लागि खत्याडी गाढ तथा यसका सहायक खोलाहरुमा माछा मार्नु अघि तपशिल बमोजिमको कर लगाइ असुल उपर गरिनेछ ।

| कर आय | | विवरण | पुजिका आधारमा रु. | | | अनुमानित आय रु. पुजिका आधारमा | | | कुल अनुमानित आय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ५ के.जि. सम्म | ५ देखि १५ के.जि. | १५ देखि माथि | १ लाख सम्म | १ देखि ५ लाख | ५ देखि माथि | |
| व्यापारिक वस्तु कर | | | | | | | | | |
| | | माछा मार्ने प्रयोजनका लागि | १०० | २५०० | ५००० | १०००० | १०००० | ० | २०००० |

अनुसूची (१२)
दफा १५ संग सम्बन्धीत
जरिवाना

खत्याड गाउपालिका क्षेत्रभित्रकरका दायराभित्र आउन अटेर गर्ने, निषेधित तथा प्रचलित कानुन बिपरीतका कार्य गर्नेलाई पहिलो पटक रु ५०० जरिवाना गरिनेछ ।पटके रुपमा पक्राउ पर्नेका हकमा माथि उल्लेखित जरिवानामा प्रत्येक पटक दोव्वर जरीवाना हुने छ । यस प्रकारका कार्यमा खटिने कर्मचारीहरु संग फिल्डमा अनावश्यक बिबाद गरेमा सो प्रकृती अनुसारको थप कारवाही तथा जरिवाना गरिने छ। (100*500= 50000)

खत्याड गाउँपालिका